# जनताको बहुदलीय जनवादमा प्रजातान्त्रिक आयामहरूको विश्लेषण

डिल्लीप्रसाद निरौला
उपप्राध्यापक - राजनीतिशास्त्र
नेपाल संस्कृत विश्वविद्यालय, पिण्डेश्वर विद्यापीठ, धरान
dilli.niraula@nsu.edu.np

Article History : Received - 21 April. 2026, Reviewed - 12 May 2026, Accepted - 18 June 2026
DOI : https://doi.org/10.3126/ss.v4i05.96268

## शोधसार

प्रस्तुत अनुसन्धनात्मक लेखमा जनताको बहुदलीय जनवाद र प्रजातान्त्रिक मानकका सर्वोत्तम सूचकहरूको बीचमा तुलना गरी तयार गरिएको छ । जनताको बहुदलीय जनवाद नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादीको राजनीतिक घोषणा हो । उक्त दलले जनताको बहुदलीय जनवादलाई आफ्नो दलको सैद्धान्तिक कार्यक्रमकै रूपमा लिएको छ । प्रजातन्त्र जन-अनुमोदनकारी शासकीय व्यवस्था हो । जनताको सर्वाधिक सहभागितामा जन-अनुमोदित शासकीय अवधारणा र आचरण नै प्रजातन्त्र हो। मानव अनुभवका सर्वाधिक विकसित शासकीय मान्यताका आधारमा जनताको बहुदलीय जनवादको तुलना र विश्लेषण यस लेखको मुख्य विषयवस्तु हो। प्रस्तुत आलेखलाई निष्कर्षमा पुर्याउनका लागि विषयवस्तुविश्लेषण विधिको प्रयोग गरिएको छ । यहाँ जनताको बहुदलीय जनवादलाई प्रजातन्त्रका स्वीकार्य सूचकहरूका आधारमा आपसमा तुलना र विश्लेषण गरिएको छ। सारमा प्रजातन्त्रका खास सूचक र जनताको बहुदलीय जनवादमा व्यवस्थाहरू तुलना र विश्लेषण गर्दा यिनीहरू आपसमा तुलनायोग्य देखिएका छन्।

**शब्दकुञ्जी:-** आर्थिक नीति, कानुनको शासन, जबज, प्रजातन्त्र, शासन।

## विषयप्रवेश

सन् १९९० को दशक संसारको राजनीतिक परिदृश्यमा आमूल परिवर्तन आएको दशक हो। यो दशकमा संसारमा साम्यवादी र पूँजीवादी विचारधारामा आधारित भएर राजनीतिक अभियान सञ्चालन गर्नेहरूमा एक प्रकारको हलचल पैदा भयो । यो विश्वव्यापी लहरको कारण सैद्धान्तिक रूपमा नै एक प्रकारको पुनर्मूल्याङ्कनको बाध्यता देखिएको थियो। साम्यवादी समाज अन्तिम लक्ष्य भन्नेहरू र उदार प्रजातन्त्र नै सबैथोक भन्नेहरूका अगाडि सिर्जना भएका नयाँ आर्थिक, सामाजिक, संस्कृतिक परिदृश्यका कारण तिनीहरूले अभ्यास गर्दै आएको शास्त्रीय मतमा परिवर्तन वा परिष्करण भए। हाम्रो देश नेपाल पनि यो विश्वव्यापी घटनाक्रमबाट मुक्त हुन सकेको देखिएन। अंग्रेजीमा डेमोक्रेसी वा नेपालीमा लोकतन्त्र वा प्रजातन्त्र मानिएको राजनीतिक प्रणालीलाई आदर्शतम शासकीय व्यवस्था मानिन्छ। पूँजीवादी र साम्यवादीहरू दुवै विचार समूहले आफूले ग्रहण गरेको प्रणाली वास्तवमा प्रजातान्त्रिक वा लोकतान्त्रिक भएको दावी गर्दछन् । परिवर्तित सन्दर्भ र परिवेश अनुसार यसले आफ्नो शास्त्रीय शैली र मान्यताहरूमा

भिन्न स्वरूप ग्रहण गरेका छन् । साम्यवादी र पूँजीवादी राजनीतिक प्रणालीमा आफ्नै मानक र सूचकहरूको विद्यमानता छ । यसका शास्त्रीय अवधारणाहरूमा रहेको विविधतालाई नकार्न पनि सकिँदैन । (Marx & Engels, 2015) लेख्छन् आर्थिक समानीकरण पछिमात्र राजनीतिक, सामाजिक, सांस्कृतिक लाभहरूलाई वितरण गर्दा वैज्ञानिक हुने एक पक्षको भनाइ र (Rawls, 2005) धारणा छ की राजनीतिक अधिकार र लाभहरू राज्यको सर्वोच्च राजनीतिक दस्ताबेजमा सुरक्षित गर्ने र बाँकी आर्थिक समानीकरणमा खुला बजार प्रतिस्पर्धालाई प्रश्रय दिनुपर्छ । यी विचारसमूहको बिचमा वैचारिक भिन्नता सिद्धान्ततनै देखिएको छ । खुला बजार प्रतिस्पर्धामा जोड दिने र संक्रमणकालीन समाज, समाजवाद हुँदै साम्यवादी समाजमा पदार्पणको विचार राख्नेहरूको लक्ष्य आखिरमा सुखी र समुन्नत वा समृद्ध समाज नै हो । यिनीहरूको लक्ष्य आफ्नो ठाउँमा सत्य होला र संभव पनि होला तर एक विकसित समाज निर्माण गर्नका लागि दुवै विचार समूहले अपनाएको प्रजातन्त्रका विधि, पद्धति वा ढाँचाहरू एक आपसमा विमति छन् ।

प्रस्तुत शोध के जनताको बहुदलीय जनवादले प्रजातान्त्रिक मान्यताहरूलाई स्वीकार गरेको छ ? के आधुनिक उदार प्रजातन्त्रका विश्वव्यापी सूचकहरूसँग जनताको बहुदलीय जनवादको प्रजातान्त्रिक मान्यताहरूसँग तुलना सकिन्छ ? आदी जस्ता अनुसन्धेय प्रश्नको आधारमा गरिएको छ । एकदलीय कम्युनिष्ट शासनहरूको ऐतिहासिक अनुभवका आधारमा कम्युनिष्ट दलहरू प्रजातान्त्रिक बहुलवादप्रति कम प्रतिबद्ध हुन्छन् भन्ने धारणा व्यापक रूपमा पाइन्छ (Heywood, 2021) । केही विद्वानहरूले सोभियत तथा अन्य एकदलीय कम्युनिष्ट शासनहरूको अनुभवका कारण कम्युनिष्ट विचारधारा र उदार प्रजातन्त्रबीच तनाव रहेको तर्क गरेका छन् (Linz, 2000) । यस्तो सन्दर्भमा जनताको बहुदलीय जनवादले प्रजातन्त्रका मानक वा मान्यताहरूलाई स्वीकार गरेका छन् त ? वा यदि प्रजातान्त्रिक मूल्यलाई आत्मसात् गरिएकै भए ती आधुनिक उदार प्रजातन्त्रका मानकहरूसँग तुलनायोग्य छन् वा छैनन् भन्ने शोधको विशेष प्रश्न हो । उल्लिखित शोध प्रश्नको आधारमा जनताको बहुदलीय जनवादले प्रजातान्त्रिक मान्यताहरूलाई स्वीकार गरेको वा नगरेको पत्तो लगाउनु र प्रजातन्त्रका विश्वव्यापी सूचकहरूसँग जनताको बहुदलीय जनवादको प्रजातान्त्रिक मान्यताहरूसँग परस्परमा तुलना गर्नु प्रस्तुत शोधको उद्देश्य रहेको छ । जनताको बहुदलीय जनवादले स्वीकार गरेका प्रजातन्त्रका मानक वा मान्यताहरूलाई पत्ता लगाउनु साथै त्यस्ता प्रजातान्त्रिक मूल्यलाई आत्मसात् गरिएकै भए ती आधुनिक उदार प्रजातन्त्रका मानकहरूसँग तुलनायोग्य छन् वा छैनन् भन्ने कुरा पत्तो लगाउनु शोधको महत्व हो ।

## अध्ययन विधि

यो शोध गुणात्मक अध्ययनपद्धको आधारमा गरिएको छ । गुणात्मक अध्ययनपद्धका आधारमा विषयवस्तु अध्ययन विधिका (Content Analysis) आधारमा दस्ताबेजहरूको विषयवस्तुलाई तुलना गरिएको छ । आधुनिक प्रजातन्त्रले आदर्श मानेर अभ्यास र प्रचलनमा ल्याएका प्रजातान्त्रिक मान्यताहरूलाई प्रजातन्त्रका सूचक मानिएको छ र जनताको बहुदलीय जनवादमा भएको व्यवस्थाका आधारमा मूल्याङ्कन गरिएको छ । जबजका अभिलेखात्मक दस्ताबेजका सान्दर्भिक व्यवस्थाहरूका बीचमा प्रजातन्त्रका मानकका आधारमा तुलना गरिएको छ ।

दस्ताबेज अध्ययनको विधिमा सामान्यतया चार चरणहरूको अभ्यास र प्रचलन रहेको पाइन्छ । जसमा पहिलो चरणमा दस्ताबेजको छनौट, दोस्रो चरणमा दस्ताबेजहरूको सङ्कलन तथा भण्डारण, तेस्रो चरणमा

मानकहरूको निर्माण र चौथो चरणमा व्याख्या एवं विश्लेषण । पहिलो चरणमा जनताको बहुदलीय जनवाद र प्रजातन्त्रका मानकहरूको छनौट गरिएको छ । दोस्रो चरणमा यी दस्तावेजहरूको विभिन्न माध्यमबाट सङ्कलन र भण्डारण गरिएको छ । तेस्रो चरणमा यी दुई पक्ष बीचमा तुलना गरी सूचक निर्धारण गरिएको छ भने अन्त्य अर्थात् चौथो चरणमा सूचकहरूका बीचमा तुलना गरी व्याख्या र विश्लेषणसहित निष्कर्षमा पुगिएको छ ।

राजनीतिक दलहरू सामान्यतया निश्चित राजनीतिक विचारधारा वा सिद्धान्तका आधारमा संगठित हुन्छन्, र तिनका नीति, कार्यक्रम तथा कार्यदिशा पनि सोही वैचारिक आधारबाट निर्देशित हुन्छन् (Political parties are organized around political ideologies and formulate their policies and programs in accordance with those ideological commitments) (Heywood, 2021) । जनताको बहुदलीय जनवाद पनि नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादीको सर्वोच्च राजनीतिक कार्यक्रम हो । उक्त दलले जनताको बहुदलीय जनवादलाई सिद्धान्तकै रूपमा समेत अगाडि सारेको छ । निजी क्षेत्र सहितको उदार आर्थिक नीति र जनताको बहुदलीय जनवाद, कानुनको शासन र जनताको बहुदलीय जनवाद, मानव अधिकार र जनताको बहुदलीय जनवाद, शक्ति पृथकीकरण र जनताको बहुदलीय जनवाद, प्रेस स्वतन्त्रता र जनताको बहुदलीय जनवाद, सरकार र प्रतिपक्ष र जनताको बहुदलीय जनवाद, यी सातवटा सूचकको निर्धारण गरी आपसमा तुलना गरिएको छ । प्रस्तुत शोधले अध्ययनका लागि जनताको बहुदलीय जनवादको राजनीतिक कार्यक्रमको दस्ताबेज र प्रजातन्त्रका विश्वव्यापी मानक वा सूचकहरूलाई केन्द्रविन्दु बनाएको छ, जुन औचित्यपूर्ण ठहर्छ ।

## पूर्वसाहित्यको समीक्षा

प्रजातन्त्र क्रमिक विकासको परिणाम हो । यसको व्यावहारिक र सैद्धान्तिक विकासका लागि विभिन्न आचार्यहरूले चिन्तन गरेका छन् । यसले पूर्वीय र पाश्चात्य सबै चिन्तकहरूको बहूपयोगी विचारहरूलाई आत्मसात् गरेको छ । समयसमयमा भएका उत्कृष्ट आचरणहरूलाई आपसी अन्तर्क्रियाका माध्यमबाट आत्मसात् गरेकै कारण अनेक सङ्कटहरूलाई यसले छिचोल्ने मौका पाएको हो । प्रजातन्त्र मानवीय अनुभवका शासकीय उन्नत अभ्यासमध्ये एक हो । यसले समाजको व्यवस्थापनमा आजसम्म विश्व अनुभवमा सर्वोत्तम आदर्श स्थापित गरेको छ । यस आलेखमा प्रजातन्त्र र जनताको बहुदलीय जनवादका प्रजातान्त्रिक विविध आयामहरूलाई समेटिएको छ ।

विगतको २५ सय वर्षसम्म लोकतन्त्रको बारेमा भारी बहस भएको छ । यसमा आरोप ; आक्रमण , विलोप र पुनर्स्थापना पनि भएका छन् । यसलाई भिन्न समय र परिवेशमा अलग अर्थ लगाउने गरिएको छ । पहिले मानव इतिहासमा लोकतन्त्र कायम अवस्थामा थियो, केही सीमित हुने खानेहरूलाई यसको सम्झना बाँकी रहेको थियो । बितेको दुई शताब्दी अगाडिभन्दा पहिले लोकतन्त्रका आधारभूत गुणहरू विरलै पाइएका थिए । लोकतन्त्रमा प्रत्येक वयस्कलाई मतदानको अधिकार दिएकै हुनु पर्छ । तर महिला, एवं कालाजातिका मानिसहरूलाई लोकतन्त्रको लामो कालखण्डमा पनि मतदानको अधिकारबाट वञ्चित गराइएको थियो (डाहल, २००, पृ. ३)।

लोकतन्त्र सधैँका लागि मिल्ने शासन हो भनेर यान्त्रिक सोचाइ राख्नु गल्ती हुनेछ (डाहल, २००, पृ.९) । ईसापूर्व ५०७ मा एथेन्सबासीहरूले लोकमतमा आधारित शासन व्यवस्थालाई प्रयोगमा ल्याए त्यो दुईसय वर्षसम्म रह्यो, उत्तरको शक्तिशाली छिमेकी मेसिडोनियाँले त्यस नगरमा अधिकार जमाएपछि यो विच्छिन्न भयो । यसमा रोमनहरूको आधिपत्य कायम भयो । एथेन्सवासीले यसलाई डेमोक्रेसी भनेजस्तै रोमनहरूले यसलाई रिपब्लिक रूपमा

पुकार गर्न थाले। 'डेमोस' को अर्थ जनता र 'क्रेटिया' को अर्थ शासन भन्ने हुन्थ्यो। ल्याटिन भाषामा रेसको अर्थवस्तु वा गतिविधि र आम जनता रिपब्लिकको अर्थ साधारण अर्थमा आम जनतासँग सम्बद्ध विषय हुन सक्छ (डाहल, २००, पृ. ११)।

जनताको बहुदलीय जनवाद प्रजातन्त्रीकरण संरचनागत सुधारको प्रश्न हो । गौतम (२०७१) लेख्छन् पञ्चायत विरोधी आन्दोलन समाप्त भई खुला राजनीतिक परिवेशमा प्रतिस्पर्धात्मक विचार समूहलाई स्वयं मदन भण्डारीले संयोजन गरेका थिए। जनताको बहुदलीय जनवाद नयाँ नेपाल र विश्व परिस्थितिमा सोभियत संघले भोग्नु परेको प्रतिरक्षात्मक स्थिति, पूर्वी यूरोपका समाजवादी राष्ट्रको विगठन, चीनमा समेत माओत्सेतुङको ठाउँमा त्याङसेओपिङको रातो बिरालोको सिद्धान्त र मध्यमार्गको बजारवादी सिद्धान्तको भएको सन्दर्भमा गरिएको सिर्जनात्मक विकासका रूपमा हेरिएको छ । प्रतिस्पर्धा, वर्गीय सह-अस्तित्व र मध्यमार्गी धारणालाई बहुदलीय जनवादका रूपमा विकसित गरी बहुलवादी र संसदीय प्रणालीका लागि निर्माण गरेको साम्यवादी विचारधाराको रूपमा हेरिनु पर्दछ। यसले विसर्जनवाद र उग्रवादी प्रवृत्तिलाई निषेध गर्ने कामका रूपमा हेरिएको छ (शिवाकोटी, २०६५,पृ. ४६)।

Democracy has been extensively studied in political science, with scholars like Dahl (1989) and Held (2006) providing comprehensive frameworks for understanding its principles and practices. Dahl (1989) defines democracy as a system where citizens have the right to participate in political decision-making, emphasizing the importance of equality and freedom. Held (2006) expands on this by discussing the evolution of democratic ideals and their application in various contexts.

प्रजातन्त्रको प्रारम्भिक अवधारणा करारोपणमा जनताको प्रतिनिधित्व र सहमतिसँग सम्बन्धित थियो। आधुनिक कालमा यसको अर्थ शासित जनताको सहमतिमा आधारित शासन, राजनीतिक सहभागिता तथा उत्तरदायी सरकारको स्थापना भन्ने रूपमा विकसित भएको छ (Held, 2006). विभिन्न मुलुकहरूमा प्रजातन्त्रको अभ्यास भिन्न तरिकाले भइरहेका छ । एकै प्रकारको अभ्यास सबै मुलुक र सन्दर्भमा लागू भएको पाइन्दैन । प्रजातन्त्रको थालनी भएका मुलुकहरूमा उत्साहप्रद विकास पनि भएको छ साथै विशाल अवरोध देखिएका छन्। अठारौं शताब्दीमा पनि प्रजातान्त्रिक मान्यताहरूको व्यापक जानकारी पनि थिएन र आस्था पनि थिएन (डाहल, २००, पृ. २४)। त्यस्तै डाहल (२०००) लेख्छन्- प्रजातन्त्रका आधारभूत मानकहरूलाई वास्तविक अर्थमा यही रूपमा यति नै बुझ्नका लागि झाडी नै छिचोल्नु पर्दछ। यसको मुख्य मर्म संस्थागत निर्णयहरूमा निर्णय गर्दा समान रूपमा सहभागिता पाउनु पनि एक हो। त्यसमा खासगरी प्रभावकारी सहभागिता (Active participation),, मतदानको समानता (Equality to vote), सुशिक्षित समझदारी (Informed participation), कार्यसूचीको नियन्त्रण र वयस्कहरूको संलग्नता। प्रजातन्त्रमा कार्यसूचीमाथिको लोकप्रिय नियन्त्रण गर्ने अधिकार सदस्यहरूमा रहेको हुन्छ। प्रजातन्त्र फस्टाउनका लागि के कस्ता कुराले सहयोग गर्दछन्। यसमा डाहल (२०००, १४९) मा लेख्छन् -

१. सेना प्रहरी उपर निर्वाचित पदाधिकारीहरूको नियन्त्रण,

२. प्रजातान्त्रिक आस्था र राजनीतिक संस्कृति,

३. प्रजातन्त्र विरोधी बलियो बाहिरी शक्तिको नियन्त्रण नभएको प्रजातन्त्रका लागि अनुकूल परिस्थितिहरू,

४. आधुनिक बजार अर्थतन्त्र र समाज,

५. मत्थर प्रकृतिको उपसांस्कृतिक बहुलता।

नेपालमा धेरै वर्ष अगाडिबाट अभ्यासमा रहेको साम्यवादी दलको प्रजातन्त्रीकरणको अभ्यासलाई अरू देशमा समेत अभ्यास गर्न थालेको पाइन्छ। दलको अठारौं सम्मेलनमा 'हु जिन ताओ'ले पाँच वर्ष अगाडिका विभिन्न बुँदाहरूलाई पुनः दोहोर्याएको पाइन्छ। यसले दलको व्यक्ति प्रणालीमा सुधारको प्रयास गरेको छ। दलका नेताहरूको धेरै खुला र पारदर्शी स्तर र योगदानलाई हेर्ने भयो। 'हु जिन ताओ'ले अधिकारीबाट जान्न पाउने अधिकार (सूचनाको हक), चुनावी अधिकार, निरीक्षण गर्ने अधिकार जस्ता कुरामा जोड़ दिएका छन्। उनले दलको लोकतान्त्रिक, खुला, योग्यताको आधारलाई बोधगम्य र उद्देश्यका रूपमा स्वीकार गरेका छन्। उनको प्रतिवेदनमा सामूहिक नेतृत्व र जनवादी केन्द्रीयतामा जोड़ दिएको पाइन्छ, उनको विचारमा व्यक्तिगतरूपमा वा अल्पसङ्यख्यकहरूको अतिवादको विपक्षमा रहनुपर्ने कुरामा जोड दिएको छन् (लाप लान, २०१५, पृ. ९)। जनताको बहुदलीय जनवादले साम्यवादी दलको सम्पूर्ण तहमा प्रतिस्पर्धा र लोकतान्त्रीकरणमा जोड दिएको छ। जनताको शक्ति तथा बुद्धिमत्ताप्रति विश्वास गर्नु, वैज्ञानिक विकासको नियमलाई बुझ्नु, संवैधानिक विधि र प्रक्रियामाथि भर गर्नु, पारदर्शी, स्वच्छ र न्यायोचित ढङ्गबाट कार्य सम्पादन गर्नु, अरूका कुरा सुन्नु र असल कुराको ग्रहण गर्नु, जनताको नियन्त्रण र निगरानीलाई स्वीकार गर्नु, साम्यवादी आन्दोलन, समाज र राज्यको लोकतान्त्रीकरण नै बहुदलीय जनवादको मुख्य विशेषता हो। जनताको लोकप्रिय आन्दोलनबाट जनसमर्थन र विश्वास प्राप्त गरी बहुमतको सरकार गठन गर्ने, अधिकतम प्रगतिशील सुधार गर्ने, राजनीतिक तहमा जनताको सहभागिता र भूमिकालाई बलियो पार्दै राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण गर्दै अन्ततः समाजवादसम्म पुग्ने वैज्ञानिक यथार्थतालाई जनताको बहुदलीय जनवादले समेटेको पाइन्छ (नेपाल, २०६५, पृ.१३८)।

यही क्रममा राष्ट्रियतावाद, लोकतान्त्रिक समाजवाद र संविधानवादलाई मौलिक वैचारिक विविधताका रूपमा लिइएको छ। यसलाई समकालीन राजनीतिक यथार्थतामा समाजवादको साझा मार्ग युरोपेली समाजवादी नेताहरूले लिएका थिए। क्यारिल्लोले यसलाई एकप्रकारको रणनीतिक औजार का रूपमा अर्थ्याएका छन्। युरोपेली साम्यवाद पनि लोकतन्त्र र समाजवादका बारेमा विभिन्न अस्पष्टता आएको पाइन्छ। यसमा नेपालको सन्दर्भमा विपीको समाजवादी दृष्टि पनि छिपेको छैन। उनले जनताको बहुदलीय जनवाद त देखेनन् तर साम्यवाद र प्रजातन्त्रको बारेमा उनको टिप्पणीलाई अर्थपूर्ण मानिएको छ। "विपीको भनाइमा साम्यवादमा प्रजातन्त्र थपिदियो भने समाजवाद हुन्छ र समाजवादमा प्रजातन्त्र झिकिदियो भने साम्यवाद हुन्छ। ....साम्यवादसित समाजवादको मात्र प्रजातान्त्रिक पक्षमा मत भिन्नता छ। मार्क्सवादी-साम्यवादी र प्रजातन्त्रवादी समाजवादबिच प्रजातन्त्रको प्रश्नबाहेक ठूलो सैद्धान्तिक मतभेद छैन। द्वन्द्वात्मक भौतिकवादलाई माने या नमाने पनि दुवैको दर्शन भौतिकवादी हो।...मानव सभ्यताको ऐतिहासिक विकासक्रममा दुवैको विश्वास छ" (शिवाकोटी, २०६५,पृ.१३)।

जनताको बहुदलीय जनवादको बारेमा मदन भण्डारी स्वयंले स्पष्ट पार्दै सामन्तवर्ग, दलाल, नोकरशाही, पूँजीपति वर्गबाहेक अन्य वर्ग र तहका जनताले नयाँ जनवादमा प्रजातान्त्रिक अधिकारहरूको उपयोग गर्दै आफ्नो स्वतन्त्र राजनीतिक गतिविधि सञ्चालन गर्न पाउने भनेका छन्। विचार, राजनीतिक कार्यक्रम र दृष्टिकोणका आधारमा निर्वाचनमार्फत बहुमतले अनुमोदन गरी सरकार गठन र शासन सञ्चालन गर्न पाउने अवस्था हुनेछ, (शिवाकोटी,

२०६५)। बितेको चार दशकमा कम्युनिष्टहरूलाई बहुदलीय प्रतिस्पर्धामा सहजता स्थापित भएको छ । लोकतान्त्रिक प्रतिस्पर्धामा पूरा साम्यवादीकरण भएको उदाहरण देखिएको छैन । यस्तो प्रणालीबाट मार्क्सले परिकल्पना गरेको समाज माओ र लेनिनले प्रयोग गरेको विधिबाट सम्भव छैन । यसबाट दीर्घकालीन सामाजिक आर्थिक महत्व दिने नीति कार्यक्रम मात्र तय गर्न सके धेरै राम्रो हुनेछ (खनाल, २०७४)।

प्रजातन्त्र आजको विश्वमा स्वीकार्य शासकीय विधि हो । प्रारम्भिक चरणमा यसलाई प्राविधिकरूपमा हेरे पनि यो शासकीय आयामको साध्य र साधन दुवै हो । प्रजातन्त्र मानवीय आचरण र मूल्यको परिष्करण हो । यी नियमहरू मानव भोगाइबाट विकसित भएका हुन् । आधुनिक विश्वमा प्रभाव राखेका पूँजीवादी वा साम्यवादी दुवैखाले विचारधाराका उत्कृष्ट मान्यताहरूलाई प्रजातन्त्रले स्वीकार गरेको छ । प्रजातन्त्रको आधुनिक विकासमा सनातन राजनीतिक दार्शनिकदेखि प्राचीन ग्रीसका राजनीतिक चिन्तकहरूका साथै इतिहासका विभिन्न आचार्यहरूले यसको विकासमा योगदान दिएका छन् ।

## विषयविश्लेषण

जनताको बहुदलीय जनवादको दस्ताबेजको अध्ययनमा लोकतन्त्रको शास्त्रीय र आधुनिक सूचकहरूको आधारमा जनताको बहुदलीय जनवादको प्रावधानहरूलाई तुलना गरिएको छ । निजी क्षेत्र सहितको उदार आर्थिक नीति र जनताको बहुदलीय जनवाद, कानुनको शासन र जनताको बहुदलीय जनवाद, मानव अधिकार र जनताको बहुदलीय जनवाद, शक्ति पृथकीकरण र जनताको बहुदलीय जनवाद, प्रेस स्वतन्त्रता र जनताको बहुदलीय जनवाद, सरकार र प्रतिपक्ष र जनताको बहुदलीय जनवाद, यी सातवटा सूचकको निर्धारण गरी आपसमा तुलना गरिएको छ । शोधको उद्देस्य जनताको बहुदलीय जनवाद र प्रजातन्त्रका सूचकहरूको बिचमा तुलना गर्नु हो । यहाँ प्रजातन्त्रका र जनताका बहुदलीय जनवादमा भएका सान्दर्भिक विषयहरूमा तुलना गरिएको छ ।

### निजी क्षेत्रसहितको उदार आर्थिक नीति र जनताको बहुदलीय जनवाद

साम्यवादी दर्शन र पूँजीवादी दर्शनमा हुने एक मुख्य राजनीतिक विचारधाराको भिन्नता भनेकै आर्थिक नीतिमा भएको भिन्नता हो । दुवै विचार समूहका समर्थकहरूले उनीहरूको आर्थिक नीतिलाई सहजरूपमा स्वीकार गरेको पाइँदैन । साम्यवादी सत्ता भएका मुलुक र पूँजीवादी सत्ताभएका मुलुकहरूमा भएको आर्थिक नीतिको भिन्नता रहेकै पाइन्छ । तसर्थ जनवादले कस्तो आर्थिक नीति लिएको छ, यसको बारेमा भएको विचारले ती दलले के कति कुरा वा कारणले लोकतान्त्रिक रहेका छन् बुझ्न सहज हुने गर्दछ । श्रम, पूँजी, प्रविधि खुला विश्वव्यापी आप्रवाहलाई उदारीकरण भनिन्छ । निजी क्षेत्रको असीमित उपस्थिति र आर्थिक क्रयाकलापमा बहुदेशीय प्रवाहलाई लोकतन्त्रको सूचकका लिन थालिएको छ ।

**तालिका-१**

***उदार आर्थिक नीति र जनताको बहुदलीय जनवाद***

| प्रजातन्त्रको सूचक | जनताको बहुदलीय जनवादमा भएको व्यवस्था |
|---|---|

| | |
|---|---|
| आर्थिक नीति | - ... हाम्रो जनवादी अर्थ व्यवस्थाको आधारभूत चरित्र मिश्रित अर्थतन्त्र रहेको छ, जसमा समानता एवम् सामाजिक न्यायमा आधारित भएर श्रमजिवीहरू निम्न आय भएका गरिबहरू तथा पिछडिएका जाति, समुदाय र क्षेत्रको उत्थानमा राज्यको अग्रणी भूमिका रहनेछ । देशको अर्थतन्त्रको विकासमा महत्वपूर्ण भूमिका खेल्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ, यही कार्यदिशाको आधारमा देशको बृहत् आर्थिक सामाजिक परिवर्तन र विकास गरिनेछ ।<br>- देशमा विद्यमान रहेको सरकारी निजी पूँजीको अधिकतम परिचालन गरी विदेशी लगानी तथा प्रविधि हस्तान्तरणद्वारा देशभित्र विद्यमान प्राकृतिक स्रोत साधनको परिचालन गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्धन र उद्योगको विकासमा जोड दिइनेछ । हालसम्म विदेशी लगानी र प्रविधि हस्तान्तरणद्वारा स्थापित उद्योगहरूलाई राष्ट्रिय हित अनुकूल परिमार्जन गरिनेछ ।<br>- ... निजी क्षेत्रलाई पनि संरक्षण दिई यस्ता उद्योगहरूको स्थापना र सञ्चालनमा प्रोत्साहित गरिनेछ । अर्थतन्त्रको आर्थिक बृद्धिदर, रोजगारी र विदेशी मुद्रा आर्जन गर्ने तथा अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक रूपबाट माथि आउने खालका निर्यातमूलक उद्योगको स्थापना, विकास र विस्तारमा निजी क्षेत्रलाई नै मुख्य रूपमा संलग्न गरिनेछ ।<br>- देशको संविधान ऐन कानुनको अधीनमा राष्ट्रिय अर्थतन्त्रमा अनुकूल असर पार्ने सीमा निर्धारण गरी विदेशी पूँजी प्रविधिलाई देशभित्र ल्याउन अनुमति दिइनेछ । |

निजी क्षेत्रको आर्थिक क्रियाकलापमा पूर्ण संलग्नता रहनुले आर्थिक प्रतिस्पर्धालाई बढावा गर्दछ । आर्थिक क्रियाकलापमा प्रतिस्पर्धाले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्दछ । अर्थिक क्रियाकलापमा विना रोकतोक प्रतिस्पर्धा हुनु र सङ्कुचनलाई रोक्नु उदारीकरणको मर्म हो । आजभोलि उदारीकणलाई प्रजातन्त्रको महत्त्वपूर्ण औजारका रूपमा लिने प्रचलन रहेको छ । आर्थिक नीतिमा उदारीकरण वा निजी क्षेत्रको उपस्थिति प्रजातन्त्रको मर्म हो । जनताको बहुदलीय जनवादले अङ्गीकार गरेको आर्थिक नीतिले उदारीकण या निजी क्षेत्रको उपस्थितिलाई सम्मान गरेको देखिन्छ ।

**कानुनको शासन र जनताको बहुदलीय जनवाद**

सार्वजनिक उद्देश्य हासिल गर्न गरिने शासकीय अभ्यासको नियमितता, गतिशीलता र एकरूपताका लागि जनताको सक्रिय र अर्थपूर्ण सहभागितामा कानुन निर्माण गरी कानुन बमोजिम गरिने शासकीय अभ्यासलाई कानुनको शासन भनिन्छ । जनअनुमोदित कानुनद्वारा जनताको हित र कल्याणका लागि कानुनी परिधिमा रहेर कानुनको शासन सञ्चालित हुनपर्दछ । कानुनको शासनको शास्त्रीय अवधारणा अनुसार कुनै पनि व्यक्ति कानुनभन्दा माथि हुँदैन, सबै व्यक्ति कानुनअगाडि समान हुन्छन्, र नागरिक अधिकारहरू न्यायालयद्वारा संरक्षित हुन्छन् (Dicey, 1885/1982)। जनताको अख्तियारी र चाहनाअनुरूप कानुनको निर्माण गरी कानूनी सर्वोच्चताको आधारमा गरिने शासकीय अभ्यास कानुनको शासन हो ।

**तालिका-२**

***कानुनको शासन र जनताको बहुदलीय जनवाद***

| कानुनी शासनका मानकहरू | जनताको बहुदलीय जनवादका व्यवस्थाहरू |
|---|---|
| वैधानिक कानुनको आधारविना कसैलाई पक्राउ गर्न पाइँदैन (No men can arrest without valid law) | - कानुन सम्मत शासन-प्रशासन<br>- कुनै पनि व्यक्तिमाथि कानुनअनुसार अधिकारप्राप्त निकायको औपचारिक निर्णयबाट मात्र दण्डित गर्न सकिने सरकार, शक्ति हातमा भएको कुनै पनि व्यक्ति वा निकायले स्वेच्छाचारी ढङ्गले गर्न नपाइने कुरोलाई हामीले गम्भीरताका साथ महत्त्व दिएका छौं। |
| कानुनको अगाडि समानताको सुनिश्चितता (Rule of law guaranteed equality before law) | - कानुनको शासन कायम गरिनेछ।<br>- जनताको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरू, मौलिक अधिकार र  मानव अधिकार नागरिक अधिकारको रक्षाका लागि कानुनको शासन भन्ने कुरालाई हामीले आफ्नो कार्यक्रममा सुस्पष्ट रूपमा समावेश गराएका छौं। |
| संविधान सामान्य कानुनको उपज हो (Constitution is the part of ordinary law ) | - संविधानको सर्वोच्चता<br>- संविधानलाई सर्वोपरि राखेर राज्यका सबै अङ्गहरू सङ्गठित र सञ्चालित हुनेछन्।<br>- संविधानको सर्वोच्चताको आधारमा लोककल्याणकारी संवैधानिक राज्य व्यवस्था कायम  गरिनेछ। |

कानुनको निर्माणमा जनताको अर्थपूर्ण र सक्रिय सहभागिता गराई सोही कानुनको परिसीमामा गरिने शासकीय व्यवस्था कानुनको शासन हो। यसमा  कानुनको सीमाभन्दा माथि कोही हुँदैन र संविधानलाई कानुनको सर्वोच्च स्वरूप मानेर शक्तिको अभ्यास गरिनु भन्ने हो। कानुनको शासनको मान्यतालाई जनताको बहुदलीय जनवादले स्वीकार गरेको देखिन्छ।

**मानवअधिकार र जनताको बहुदलीय जनवाद**

मानव अधिकारलाई प्रकृति प्रदत्त र कसैबाट पनि हरण गर्न नहुने अधिकारका रूपमा लिइन्छ। यस्ता अधिकारहरू राजनीतिक, आर्थिक, सामाजिक, संस्कृतिक, सामूहिक चासो, दिगो विकास, वातावरणीय सुरक्षा जस्ता विविध सवाल र विषयसँग सम्बन्धित हुन्छन्। अधिकारको अध्ययनमा मौलिक अधिकार (Fundamental rights) मौलिक स्वतन्त्रता (Fundamental freedom) आधारभूत अधिकार (Basic right) नागरिक अधिकार (Civil rights) प्राकृतिक अधिकार (Natural rights) नैसर्गीक अधिकार (Inherent rights) अहरणीय अधिकार

(Inalienable rights) जस्ता विविध शब्दावली प्रयोग गरिन्छ । तथापि मानव अधिकारले व्यक्तिका आधारभूत विश्वव्यापी प्राकृतिक अधिकारलाई समेट्छ जसको अभाव कसैलाई खट्किनु हुँदैन ।

**तालिका-३**

**मानवअधिकार र जनताको बहुदलीय जनवाद**

| प्रजातन्त्रको सूचक | जनताको बहुदलीय जनवादमा भएको व्यवस्था |
|---|---|
| मानव अधिकार | - संविधानले मानवअधिकार र जनताको मौलिक प्रजातान्त्रिक अधिकारको ठोस प्रत्याभूति र सुरक्षा गर्नेछ ।<br>- दुनियाँमा कम्युनिष्टहरू मानवअधिकार मान्दैनन् भन्ने पूँजीवादपन्थीहरूको व्यापक प्रचार छ । कतिपय कम्युनिष्टहरू पनि मानवअधिकार आफ्नो अधिकारक्षेत्र होइन भन्ने ठान्छन्। हामी मानवअधिकारको पक्षमा छौं र लामो समयदेखि त्यसका निमित्त सङ्गठित रूपमा लड्दै आएका छौं । साँचो अर्थमा कम्युनिष्ट नै मानव अधिकारको सबैभन्दा दृढ योद्धा हुन् र हुन पनि सक्छन् । त्यसकारण हामीले मानवअधिकारको रक्षालाई एउटा महत्त्वपूर्ण तत्त्वको रूपमा कार्यक्रममा समावेश गरेका छौं ।<br>-...सामाजिक मुक्ति आन्दोलनहरू, लोकप्रिय जनवादी आन्दोलनहरू, पर्यावरण, शान्ति र मानवअधिकार आन्दोलन हाम्रो क्रान्तिका मित्रहरू हुन् । |

मानव अधिकारले के कति विषयलाई समेट्छ यसको विश्वव्यापी मानक नभएको र मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई नै मानव अधिकारको सन्दर्भको रूपमा लिने गरेको पाइन्छ । त्यसैले मानव अधिकारको मान्यतालाई स्वीकार गर्नु भनेको मानव अधिकारको विषयलाई सम्मान गर्नु हो । माथिको तालिकामा गरिएको आपसी तुलना र भिडानको आधारमा जनताको बहुदलीय जनवादले मानव अधिकारलाई स्वीकार गरेको पाइन्छ । उल्लिखित कारण र तथ्यहरूको आधारमा जनताको बहुदलीय जनवादले मानव अधिकारको विषयलाई स्वीकार गरेको देखिन्छ ।

**पृथकीकरण र जनताको बहुदलीय जनवाद**

कानुननिर्माता (व्यवस्थापिका), कानुनलागूकर्ता (कार्यपालिका) र कानुनको व्याख्याता (न्यायपालिका) को बीचमा समानान्तर कार्यक्षेत्रको काम गर्न पाउनु शक्ति पृथकीकरण हो । शक्ति पृथकीकरणको आधुनिक व्याख्या फ्रान्सेली विद्वान् । शक्तिपृथकीकरणको सिद्धान्त अनुसार व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको शक्ति अलग-अलग निकायमा निहित हुनुपर्छ ताकि कुनै एक निकायमा शक्ति केन्द्रीकरण नहोस् र नागरिक स्वतन्त्रताको संरक्षण हुन सकोस् (Montesquieu, 1748/1989) ।

**तालिका-४**

***शक्ति पृथकीकरण र जनताको बहुदलीय जनवाद***

| प्रजातन्त्रको | जनताको बहुदलीय जनवादमा भएको व्यवस्था |
|---|---|

| सूचक | |
|---|---|
| शक्ति पृथकीकरण | - शक्ति पृथकीकरणको सिद्धान्तको आधारमा संविधानले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गरेको छ । निर्वाचित व्यवस्थापिका सभाले ऐन कानुनहरूको निर्माण गर्नेछ ,<br>- समाजवादी देशहरूमा लामो समयसम्म व्यक्तिको हातमा शक्तिको अति केन्द्रीकरण रह्यो । त्यसबाट समाजलाई लाभ हैन हानी भयो। त्यसपछि व्यक्तिको हातमा हुने अति केन्द्रीकरणको आलोचना गर्दै विकेन्द्रित गर्ने प्रक्रिया शुरू भएको छ तर व्यक्तिको हातमा मात्र हैन, एउटा संस्थाको हातमा अति केन्द्रीकरण हुनुहुँदैन । एउटै संस्था कार्यकारी, विधायिकी र न्यायिक अधिकार प्रयोग गर्ने केन्द्रीय शक्ति हुनुहुदैन । राज्यका विभिन्न अधिकारहरूलाई प्रयोग गर्ने केन्द्रमा पृथक् निकाय हुनुपर्छ । अझ राज्यको अधिकार शासक पार्टीले प्रयोग गर्ने र राज्य पार्टीबिचको भिन्नतालाई समाप्त पार्ने काम हुनुहुँदैन । राज्य र पार्टीबिचको भिन्नता र अन्तर्सम्बन्धलाई ठीक ढङ्गले सञ्चालन गरिनुपर्छ । यही अवधारणाबाट हामीले शक्ति पृथकीकरणको सिद्धान्तलाई आफ्नो कार्यक्रममा समावेश गरेका छौं । |

शक्ति पृथकीकरण प्रजातन्त्रमा सर्वमान्य सत्य भए पनि यसको पूर्ण परिपालना सम्भव देखिएको छैन । विश्वभरमा भएको अभ्यासको आधारमा सबैभन्दा अपरिहार्य र विवादास्पद् विषय हो । शक्तिको एकै निकाय वा संस्थामा रहँदा यसको दुरूपयोग हुन गई निरंकुशता हुने भएकाले शक्तिको विभाजनमा जोड दिइएको हो । पूर्ण शक्तिको पृथकीकरणले पनि समानान्तर निरङ्कुशता हुने र आपसी समन्वय नहुने भएकाले शक्ति पृथकीकरणसँगै शक्ति सन्तुलनको आधारमा राज्यको शक्ति परिचालन हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ । शक्ति पृथकीकरणको बारेमा भएको जनताको बहुदलीय जनवादको प्रावधानको अध्ययनले स्वीकार गरेको देखिन्छ ।

**प्रेस स्वतन्त्रता र जनताको बहुदलीय जनवाद**

प्रेस स्वतन्त्रताले एक बहुलवादी समाजको परिकल्पना गरेको हुन्छ । बहुलवादी समाजमा भएका विचार तथा अभिव्यक्ति स्वतन्त्रताले विचार तथा बहसमा खुला भई एक विकसित, सभ्य र गतिशील समाजको परिकल्पना गरिएको हुन्छ । प्रेस स्वतन्त्रता मात्र सञ्चारका माध्यमहरूको स्वतन्त्रता नभै यसले समग्र विचार तथा अभिव्यक्ति स्वतन्त्रता समेट्ने गर्दछ त्यसैले प्रेस स्वतन्त्रतालाई प्रजातन्त्राको आधारभूत सूचकका रूपमा लिइन्छ ।

**तालिका-५**

***प्रेस स्वतन्त्रता र जनताको बहुदलीय जनवाद***

| प्रजातन्त्रको सूचक | जनताको बहुदलीय जनवादमा भएको व्यवस्था |
|---|---|

| | |
|---|---|
| प्रेस स्वतन्त्रता | - सार्वजनिक सञ्चारका आमसञ्चार माध्यमहरूले सत्तापक्षको गुणगान गाउने परिपाटीलाई अन्त्य गरी जनता र राष्ट्रको सेवामा लगाइनेछ ।<br>- प्रत्येक व्यक्तिलाई जनता र राष्ट्रका निम्ति सोच्ने र बोल्ने तथा आफ्ना अनुभूतिहरू अभिव्यक्त गर्ने स्वतन्त्रता हुनु पर्दछ । यो स्वभाविक प्रकृतिसङ्गत कुरा हो । त्यसको उल्टो केवल शासकवर्ग र पार्टीको प्रशंसामा मात्र बोल्न पाउने र विरोधमा मुख खोल्न नपाइने व्यवस्था अरू जतिसुकै राम्रो भए पनि टिकाउ हुन सक्दैन । प्रत्येक व्यक्तिलाई सरकार, राजनीतिक पार्टीहरू, सामाजिक संस्थाहरू, नेताहरू र अधिकारीहरूको बारेमा आफूलाई लागेका कुरा स्वतन्त्र रूपले बोल्न दिनुपर्छ । मुलुकको संविधान र नियम कानुनको आधारमा प्रेस तथा पर्यटनको स्वतन्त्रता हुनुपर्छ । |

सार्वजनिक सञ्चारका माध्यमहरूबाट जनताहरूले आफ्ना विचार तथा अभिव्यक्ति स्वतन्त्र रूपमा प्रवाह गर्न पाउनु प्रेस स्वतन्त्रता हो । प्रेस स्वतन्त्रताका पनि भिन्न भिन्न नमूनाहरू रहेका छन् । यस्ता सूचकहरूमा पनि जबज सकारात्मक देखिएको छ । जनताको बहुदलीय जनवादले प्रेस स्वतन्त्रताको सूचकलाई स्वीकार गरेको पाइन्छ ।

**सरकार, प्रतिपक्ष र जनताको बहुदलीय जनवाद**

राजनीतिशास्त्रमा सरकार भन्नाले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकालाई जनाउँदछ । साधारण बोलीचालीमा कार्यकारी निकायमा संलग्न भएर नियमित र कार्यकारिणी कार्य गर्ने राज्यको निकायलाई सरकार भन्ने गरिएको छ । सरकारका लागि बैध जनमत नभएको र सरकारको नेतृत्व गर्नेभन्दा कम जनमत लिएर व्यवस्थापिका सभामा उपस्थित रहेको राजनीतिक शक्ति प्रतिपक्ष हो ।  संसदमा गणितीय समीकरण कमजोर भएर सरकार ढलेमा सरकारको नेतृत्वका लागि प्रतीक्षारत हुने भएकाले यसलाई (waiting for government )  पनि भनिन्छ ।

**तालिका-६**

***सरकार, प्रतिपक्ष र जनताको बहुदलीय जनवाद***

| प्रजातन्त्रको सूचक | जनताको बहुदलीय जनवादमा भएको व्यवस्था |
|---|---|
| सरकार र प्रतिपक्ष | - …बहुमतको सरकार र अल्पमतको विपक्ष …<br>- व्यवस्थापिका सभामा बहुमत प्राप्त राजनीतिक पार्टीले सरकार गठन गर्ने र अल्पमतले विपक्षको भूमिका खेल्ने संवैधानिक व्यवस्था कायम गरिनेछ ।<br>- बहुदलीय पद्धतिको एउटा मूल तत्त्व सङ्गठित प्रतिस्पर्धा हो भने अर्को मूल  तत्व बहुमतको सरकार र अल्पमतको विपक्ष हुने संवैधानिक व्यवस्था हो । सरकारको कामकाजप्रति आलोचनात्मक दृष्टिकोण राख्ने र गलत कुराहरूको विरोध गर्ने संवैधानिक व्यवस्था हो । आम चुनाव भए पनि विपक्ष रहन पाउने र अझ रहनु पर्ने संवैधानिक व्यवस्था नहुने हो भने सरकारका |

| | |
|---|---|
| | तानाशाही एवम् निरङ्कुशतावादी क्रियाकलाप रोक्न सम्भव हुँदैन । शान्तिपूर्ण ढङ्गले कुनै पनि गल्तीहरूको राजनीतिक समाधान निकाल्नु सजिलो हुँदैन । पञ्चायती व्यवस्थामा पनि व्यक्तिको बीचमा चुनाव हुने गर्थ्यो तर विचार कार्यक्रम राख्न पाइन्नथ्यो । अझ पञ्चायती चिन्तनसँग असहमत व्यक्तिहरू चुनिए पनि विपक्षको वैधानिक व्यवस्था थिएन, त्यसकारण पञ्चायत अन्तर्वस्तुको हिसाबले मात्र हैन स्वरूपको हिसाबले पनि निरङ्गकुश एवम् तानाशाही थियो । सरकारको विपक्षमा वैधानिक रूपमा काम गर्न पाउने प्रणाली प्रजातान्त्रिक प्रणाली हो । यसलाई ध्यान दिएर नै हामीले बहुमतको सरकार र अल्पमतको विपक्ष रहने संवैधानिक व्यवस्था रहने कुरालाई स्वीकार गरेका छौं । |

प्रजातन्त्रको सबैभन्दा सुन्दर पक्ष भनेकै सरकार र प्रतिपक्ष मानिन्छ । सरकार जनताको सबैभन्दा बढी जनमत लिनेहरूले सञ्चालन गरेका हुन्छन् । यसको प्रतिपक्ष आफैँमा तुलनात्मक रूपमा कम जनमत भएको र बहुमत प्राप्त सरकार कुनै कारणले सरकारको नेतृत्व नगरेमा पुनः सरकार गठनको पर्खाइमा रहने भएकाले यसलाई सरकार गठनको पर्खाइमा रहेको समूह वा दलका रूपमा समेत लिइन्छ । जनताको बहुदलीय जनवादले प्रष्टरूपमा सरकार र प्रतिपक्षको प्रजातान्त्रिक मान्यतालाई स्वीकार गरेको पाइन्छ ।

**बहुदलीय व्यवस्था र जनताको बहुदलीय जनवाद**

राजनीतिक विचारको आधारमा जनस्वार्थको समर्थन लिएर जनमतको आधारमा सार्वभौमको अभ्यास रजनीतिक दलहरूले गरेका हुन्छन् । संसारमा जनस्वार्थको प्रवर्द्धन नीति-निर्माणको तहमा गर्ने गराउने राजनीतिक दलजस्तो प्रभावकारी संस्था अरू कुनै सामाजिक संस्थाहरू रहेको पाइँदैन । समाजवादी वा  पूँजीवादी दुवै प्रकारका राजनीतिक विचारधारा अँगाल्ने मुलुकहरूमा दलीय व्यवस्थाको अवलम्बन गरेको पाइन्छ । तथापि दल विहीन अवस्था पनि नभएको हैन । जनस्वार्थको नीति निर्माणको तहमा मुखरित गराउने इकाइका रूपमा रहेको संस्थाहरूको आधारमा दलीय व्यवस्थाको वर्गीकरण भएको पाइन्छ । राजनीतिक दलहरूले कार्यकारी निकायमा पुग्ने सामरिक र आर्थिक कार्यहरूको परिचालन गर्दछन् । प्रजातन्त्रको प्रवर्द्धनमा राजनीतिक दलहरूको सबैभन्दा भहत्वपूर्ण स्थान रहेको पाइन्छ । जनताको बहुदलीय जनवादमा राजनीतिक दलहरूको बारेमा भएको व्यवस्थाको तुलना र भिडान तल गरिएको छ ।

**तालिका-७**

***बहुदलीय व्यवस्था र जनताको बहुदलीय जनवाद***

| प्रजातन्त्रको मानक | जनताको बहुदलीय जनवादमा भएको व्यवस्था |
|---|---|
| बहुलवाद सहितको बहुदलीय | - बहुदलीय प्रतिस्पर्धा र बहुलवादी खुला समाज,<br>- जनताको बहुदलीय जनवादी व्यवस्था कायम गरिनेछ,<br>- संविधान अनुरूप बहुलवादी खुला समाज कायम गरिनेछ, |

| | |
|---|---|
| व्यवस्था | - संविधानको मर्यादाभित्र सबै राजनीतिक पार्टीहरूलाई राजकीय निकायहरूमा शान्तिपूर्ण ढङ्गले प्रतिस्पर्धा गर्ने स्वतन्त्रता रहनेछ।<br>- व्यवस्थापिका सभामा बहुमत प्राप्त राजनीतिक पार्टीले सरकार गठन गर्ने र अल्पमतले विपक्षको भूमिका खेल्ने संबैधानिक व्यवस्थाको कायम गरिनेछ।<br>-क ...बहुदलीय राजनीतिक प्रणाली...<br>- जनताको बहुदलीय जनवादी व्यवस्थालाई योजनाबद्ध रूपमा क्रमशः विकसित, समृद्ध र सुदृढ पारिनेछ।<br>- संविधानको परिभाषाभित्र राज्य र त्यसका राजकीय निकायहरू सम्पूर्ण जनताको चासो र सरोकारका विषय हुन्। त्यसमा एउटा मात्र राजनीतिक पार्टीको एकाधिकार हुन सक्तैन। अझ राज्यको बल प्रयोग गरेर एउटा मात्र पार्टीको एकाधिकार कायम गर्न खोज्नु अत्यन्त गैरजनवादी कुरा हो। अनेक वर्ग रहेको समाजमा, पेसागत विविधता रहेको स्थितिमा पनि र खासगरी वर्गीय विविधता भएको समाजमा अनेक राजनीतिक पार्टीहरू स्वाभाविक रूपमा हुन्छन्। नागरिकको मौलिक अधिकारमा बन्देज नगर्ने हो भने स्वाभाविक रूपमा राजनीतिक चिन्तनहरूमा विभिधता पैदा हुन सक्छन्। अझ कम्युनिष्ट पार्टी सर्वहारा श्रमजीवी वर्गको पार्टी हो र यो सम्पूर्ण वर्गको पार्टी हुन सक्तैन। यो मार्क्सवादी लेनिनवादी विचार प्रणालीलाई मार्गदर्शक मान्ने पार्टी हो र सर्वहारा श्रमजीवी वर्गभित्र पनि अन्य विचार प्रणालीप्रति विश्वास गर्ने हुनसक्छन् वा रणनीति कार्यनीतिमा भिन्न मतालम्बी हुन सक्छन्। यस्तो स्थितिमा एउटा मात्र पार्टीको एकछत्र अधिकार संवैधानिक रूपमा र राज्यको बलसमेत प्रयोग गरेर कायम गर्न खोज्नु एक प्रकारको निरङ्कुशता र तानाशाही हो। त्यसकारण हामीहरू राजनीतिमा जनताको निर्णायक भूमिका स्थापित गर्न बहुदलीय प्रतिस्पर्धाको प्रणाली कायम गर्न चाहन्छौं। जनादेश प्राप्त पार्टी र व्यक्तिहरूले नै राजकीय अधिकारको प्रयोग गरी शासन प्रशासन चलाउनु पर्छ भन्ने पक्षमा छौं। बहुदलीय प्रतिस्पर्धाको प्रणाली सङ्गठित रूपमा विचार, कार्यक्रम र नीतिहरूको आधारमा पार्टीहरूबीच प्रतिस्पर्धा गर्न पाउने र जनताको निर्णय सर्वोपरि हुने प्रणाली हो। त्यसकारण हामीले यो प्रणालीलाई एउटा निर्णायक महत्त्वको विषयको रूपमा आफ्नो कार्यक्रममा समावेश गरेका छौं।<br>- कम्युनिष्ट पार्टीले शासन चलाएका कतिपय देशमा बहुलवाद र खुलापन रहेन र त्यसको परिणाम पनि राम्रो भएन। हामी बहुलवाद र खुला समाजको पक्षमा छौं। ( पृ. २५)<br>- ... हामीले सुस्पष्ट रूपले बहुदलीय प्रतिस्पर्धा सामेल गर्न चाहन्छौं। यस अर्थमा हाम्रो कार्यक्रम र विचारको यो एउटा विशेष कुरा हो। यसलाई कार्यक्रममा पनि विषेश ढङ्गले उल्लेख गर्नु आवश्यक छ। |

बहुदलीय व्यवस्थाको अभ्यास र आचरणलाई पनि लोकतन्त्रको आधारभूत मानकका रूपमा लिने गरिएको छ। यसले बहुमतको सरकार र अल्पमतको प्रतिपक्ष रहने शासकीय प्रणालीलाई प्रवर्द्धन गर्ने विश्वास गरिएको हुन्छ। मतशक्ति रहेका जनताहरूको धैरै मत समर्थन प्राप्त गर्ने दलहले सरकारको कार्यकारी नेतृत्व गर्ने र शासकीय प्रबन्धको

व्यवस्थापन गर्ने र अल्पमतमा रहेको राजनीतिक दलले सरकारको नीति कार्यक्रमलाई गुण र दोषको आधारमा समर्थन वा विरोध जनाउने गर्दछ । साम्यवादी व्यवस्थामा बहुलवाद सहितको बहुदलीय असीमित दलीय व्यवस्थाको परिकल्पना गरिएको पाइँदैन तर युरोपेली साम्यवाद मान्यताको विकाससँगै साम्यवादी विचारकहरूको एक समूहले बहुलवाद सहितको बहुलवादलाई स्वीकार गरेको पाइन्छ ।

**निष्कर्ष**

कानुनको निर्माणमा जनताको सहभागिता गराई सोही कानुनको परिपालना गरी कानुनको सीमाभन्दा माथि कोही नहुने र संविधानलाई कानुनलाई सर्वोच्च स्वरूप मानेर शक्तिको अभ्यास गरिनु कानुनको शासन हो । सार्वजनिक सञ्चारका माध्यमहरूबाट जनताहरूले आफ्नो विचार तथा अभिव्यक्ति स्वतन्त्र रूपमा प्रवाह गर्न पाउनु प्रेस स्वतन्त्रता हो । प्रेस स्वतन्त्रताका पनि भिन्नभिन्न नमूनाहरू रहेका छन् । यस्ता सूचकहरूमा जबज सकारात्मक देखिएको छ ।

लोकतन्त्रमा धेरै जनमत ल्याउनेले वैधता र वैधानिकताको आधारमा शक्तिको केन्द्रमा रहने र कम मत ल्याउनेहरूले प्रतिपक्षमा रहेर गुण र दोषको आधारमा आलोचना या समर्थन गर्नु बहुममतको शासन अल्पमतको प्रतिपक्ष हो । बहुमतको सरकार र अल्पमतको प्रतिपक्ष तथा संवैधानिक सर्वोच्चता जस्ता लोकतान्त्रिक मान्यताहरू जबजले स्वीकार गरेको छ ।

शक्ति पृथकीकरण राजनीतिशास्त्रमा विवादित र सर्वस्वीकार्य विषय हो। कानुननिर्माता (व्यवस्थापिका), कानुनलागूकर्ता (कार्यपालिका) र कानुनको व्याख्याता (न्यायपालिका) बिचमा समानान्तर आफ्नो कार्य गर्न पाउनु शक्ति पृथकीकरण हो। शक्ति पृथकीकरण पूर्ण रूपमा हुँदा समानान्तर निरङ्कुशता हुने र व्यवहारिक रूपमा सम्भव नहुने भएकाले शक्ति सन्तुलन हुँदा सुनमा सुगन्ध हुने विधिशास्त्रीहरूको धारणा छ । विश्वमा संरचनागत र कार्यात्मक शक्ति पृथकीकरणको मान्यता प्रचलनमा रहेको छ । शक्ति पृथकीकरणको स्वरूपको बारेमा स्पष्ट नभए पनि शक्ति पृथकीकरणको लोकतान्त्रिक मूल्य जबजले स्वीकारेको छ । श्रम, पूँजी तथा प्रविधिको खुला आप्रवाहलाई उदारीकरण अन्तर्गत लिइन्छ । मानवका आधारभूत प्रकृतिप्रदत्त व्यक्तिको सर्वाङ्गीण विकासका लागि आवश्यक अधिकारहरूलाई मानव अधिकार भनिन्छ । समाजमा एक पक्षीय सर्वस्वीकार्यताको ठाउँमा बहुलवादी चरित्रलाई बहुवलवादी समाज भनिन्छ । उदारीकण र मानव अधिकारका विषयलाई समेत जनताको बहुदलीय जनवादले स्वीकार गरेको पाइन्छ ।

आजको शासकीय व्यवस्थामा प्रजातन्त्र निर्विकल्प साध्य र साधन दुवै हो । दलहरू प्रजातन्त्रलाई अभ्यास गराउने साधनहरू हुन् । प्रजातन्त्रका आधारभूत मानकहरूमा जनताको बहुदलीय जनवादको आधारभूत स्वीकारोक्ति छ । दलले अङ्गीकार गरेको आधारभूत मार्गचित्रको प्रावधान जनताको तहमा जानकारी गराउनु पर्दछ । दलहरूले प्रजातन्त्रको मर्यादा भङ्ग गर्ने अवस्थामा जनताको तथा कार्यकर्ताको तहबाटै खबरदारी गर्न सकिन्छ । सम्बन्धित दलका नेता तथा कार्यकर्ता, प्रतिपक्षका नेता कार्यकर्ता साथै आम जनताले समेत दलहरूले लिएका विचार वा सैद्धान्तिक धरातल जानकारी हुनु हितकारी हुन्छ । दलहरूले  व्यक्तिपरक धारणा राख्नुको साटो यसमा नीति कार्यक्रमका बारेमा जानकारी गराउने राजनीतिक संस्कृतिको विकास भएमा मात्र “मेनु” मध्येबाट जनताले राजनीतिका उपर्युक्त परिकार वा दल छान्न सक्ने वातावरण बन्न सक्छ ।

## सन्दर्भ सामाग्रीहरू


खतिवडा, डम्बर (२०७४), *समाजवादको यात्रा युटोपियादेखि चौथो आयामसम्म*, सांग्रीला पुस्तक प्रा.लि.

खनाल, दुर्गा र मिश्र, राजेश (२०७४), "*बामपन्थी बढ्दै, कांग्रेस खस्किँदै*", कान्तिपुर, पुस १, कान्तिपुर प्रकाशन

गौतम, बामदेव (२०५३), *नेपाली क्रान्तिको व्यवहारमा विकसित सिद्धान्त, जनताको बहुदलीय जनवाद*, केशवलाल श्रेष्ठ, काठमाण्डु।

गौतम, बामदेव (२०६७), *कम्युनिष्ट पार्टी निर्माण सम्बन्धी आधारभूत प्रस्थापना*, उज्वल अधिकारी।

थापा, सूर्य (सम्पादित, सङ्कलित) (२०७०), मदन भण्डारी छानिएका रचनाहरू, मदनआश्रित स्मृति प्रतिष्ठान।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को नवौं राष्ट्रिय महाधिवेशनले पारित राजनीतिक प्रतिवेदन।

नेपाल कम्युनिष्ट पार्टीको पहिलो घोषणापत्र (२००६ भाद्र,३०) पुष्पलालका छानिएका रचना भाग १।

नेपाल कम्युनिष्ट पार्टीको पहिलो पर्चा (२००६ वैशाख १०), पुष्पलालका छानिएका रचना भाग १।

नेपाल, माधव कुमार (२०६४), नेपाली क्रान्तिको सिद्धान्त जनताको बहुदलीय जनवाद, नयाँ युग प्रकाशन, नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद…,नवयुग, सहकारी छापाखाना।

निरौला, डिल्लीप्रसाद (2024). जनताको बहुदलीय जनवादमा अधिकारका सवालहरूको तुलनात्मक अध्ययन. *Pragyajyoti*, *5*(8), 78-92. https://doi.org/10.3126/pj.v5i8.73800

पाण्डे, विन्दा (२०७४), "नेपालका ती मार्क्स", कान्तिपुर कोशेली, ७ असोज, कान्तिपुर।

भण्डारी, मदन (२०४९), 'जडसूत्रवाद र विसर्जनको विरोध गरौं, मार्क्सवादको सिर्जनात्मक प्रयोग गरौं', (राजनीतिक प्रतिवेदन), मदन भण्डारीका सङ्कलित रचनाहरू, मदन आश्रित प्रतिष्ठान नेपाल।

भण्डारी, मदन (२०४९), जनताको बहुदलीय जनवादबारे केही कुरा (मदन भण्डारीका संकलित रचनाहरू), मदन आश्रित प्रतिष्ठान नेपाल।

भारतको वाराणसीमा सम्पन्न चौथो महाधिवेशनमा केन्द्रीय न्यूक्लीयस सेक्रेटरी क. मोहनविक्रम सिंहद्वारा प्रस्तुत भई पारित राजनीतिक दस्ताबेजहरू, 'नेपाली काम्युनिष्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्ताबेजहरू ग्रन्थ १', (२०६९) एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) मगरात राज्य सम्मेलन आयोजक समिति।

भूषाल, घनश्याम (२०६४), आजको मार्क्सवाद र नेपाली क्रान्ति, नेपाल अध्ययन केन्द्र।

शाही, दयालबहादुर (२०७०), जनताको बहुदलीय जनवाद हमला र प्रतिरोध, अर्जुन गुरूङ।

शिवाकोटी, गोपाल (२०६५), समकालीन नेपाली राजनीतिक विचारधारा, पैरवी प्रकाशन।

सुवेदी, झलक (२०७१), पूँजीवाद नेपाली समाज र जबज, ज्ञान ज्योति बुक पब्लिकेसन।

Dahal, R. A. (1989). *Democracy and its critics*. Yale University Press. Held, D. (2006). *Models of democracy.* Stanford University Press.

Johari, J. C. (2009), *Contemporary Political Theory New Dimension, Basic Concept and Major Trends*, Sterling Publisher Private Limited, New Delhi .

Marx, K., & Engels, F. (2015). *The Communist manifesto*. Penguin Books.

Rawls, J. (2005). *A theory of justice*. Belknap Press.

Heywood, A. (2021). *Political ideologies: An introduction* (7th ed.). Red Globe Press.

Linz, J. J. (2000). *Totalitarian and authoritarian regimes*. Lynne Rienner Publishers.

Heywood, A. (2021). *Politics* (5th ed.). Red Globe Press.

Albert Venn Dicey. (1982). *Introduction to the study of the law of the constitution* (8th ed.). Liberty Fund.

Montesquieu. (1989). *The spirit of the laws* (A. M. Cohler, B. C. Miller, & H. S. Stone, Trans.). Cambridge University Press. (Original work published 1748)